# वैश्विक भ्रष्टाचार-विरुद्ध नीति

| | |
|---|---|
| **स्वामी:** | Anna Diaz, Chief Compliance Officer |
| **पुनरावलोकनकर्ता:** | Eva Argilés, General Counsel |
| **स्वीकृत कर्ता:** | सञ्चालक समिति |
| **तिथि :** | अक्टोबर 25, 2018 |

| | |
|---|---|
| **संस्करण:** | 4.0 |
| **भाषा :** | अङ्ग्रेजी |
| **क्षेत्र :** | वैश्विक |

## 1. नीति कथन

Applus :

1. विश्वव्यापी स्तरमा कानूनी, नैतिक तथा व्यावसायिक ढङ्गमा व्यवसाय सञ्चालन गर्न प्रतिबद्ध छ

2. Applus+ का व्यावसायिक व्यक्तिहरू, संयुक्त व्यापारिक साझेदार तथा तेस्रो पक्षहरूले यो नीति बुझेर Applus+ का तर्फबाट व्यवसाय गर्दा कानूनी, नैतिक तथा व्यावसायिक ढङ्गमा गर्ने सुनिश्चित गर्न प्रतिबद्ध छ।

3. घुस (व्यापारिक घुस समेत), कमिशन, अनुचित वा अवैध भुक्तान, उपहार वा चन्दा दान, तथा निजामती अधिकृत, ग्राहक, अन्य कम्पनीका निर्देशक, अधिकृत वा कर्मचारी वा अन्य कुनै पनि व्यक्तिबाट अनुकूल व्यवहार प्राप्त गर्ने अन्य कुनै पनि अनुचित तौर तरिका विरुद्ध लड्न प्रतिबद्ध छ।

4. आफूले व्यवसाय सञ्चालन गर्ने देशहरूका सम्बन्धित गैर भ्रष्टाचार कानूनहरूको पालन गर्न प्रतिबद्ध छ।

5. यो नीतिको उल्लङ्घनलाई गम्भीरतापूर्वक लिन प्रतिबद्ध छ

6. यो नीति अनुरूप अगाडि बढ्दा प्रभावकारी कार्यान्वयन कायम गर्न प्रतिबद्ध छ।

सम्पूर्ण Applus+ व्यावसायिक व्यक्तिहरू, Applus+ का तर्फबाट काम गर्ने संयुक्त व्यापारिक साझेदारहरू तथा तेस्रो पक्षहरूले यो नीतिको पालन गर्नु आवश्यक छ तथा, प्रापकको दायित्वहरूको उल्लङ्घन भएको परिणाम आउने प्रकारले Applus+ को व्यवसायसँग कुनै पनि किसिमले सम्बन्धित कुनै पनि अनुचित सुविधा वा फाइदा (घुस, कमिशन वा अन्य अवैध भुक्तानहरू) - प्रत्यक्ष वा अप्रत्यक्ष प्रस्ताव गर्न, वचन दिन, प्रदान गर्न, अनुरोध गर्न वा स्वीकार गर्नबाट निषेध गरिएको छ। Chief Compliance Officer ले यो नीति सम्बन्धी तालीममा भाग लिने Applus+ व्यावसायिक व्यक्तिहरू खटाउने छन्।

Applus+ ले यस नीतिको उल्लङ्घन सहन गर्ने छैन। यो नीतिको उल्लङ्घनहरूबारे Applus+ का Chief Compliance Officer वा Division Compliance Officer लाई सूचित गर्नु पर्छ।

Applus+ मा बद्‌ला लिने कारबाही विरुद्ध नीतिको पालन गरिन्छ: यो नीतिको आशङ्कित भङ्ग वा उल्लङ्घनहरूबारे असल नियतमा गरिएको सूचना दिएकोमा वा यो नीति अन्तर्गत कुनै सहयोग पुऱ्याएकोमा Applus+ व्यावसायिक व्यक्तिहरू विरुद्ध कुनै पनि प्रकारको बद्‌लाको कारबाही गरिने छैन।

Chief Compliance Officer यो नीतिका स्वामी हुन् र यो नीतिको कार्यान्वयन तथा अनुपालन सम्बन्धमा उनको अन्तिम जिम्मेवारी रहन्छ। Applus+ भित्र यो नीतिबारे चेतना फैल्याउन Chief Compliance Officer जिम्मेवारी हुन्छन्। यो नीति बारे यदि तपाईंको कुनै पनि प्रश्नहरू भएकृपया Applus+ का Chief Compliance Officer वा Division Compliance Officer लाई सम्पर्क गर्नुहोस्।